# सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरूको शैक्षिक व्यवस्थापनबीच तुलनात्मक अध्ययन

शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन (EPM ) विभाग

एम.एड.तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि

शोधपत्र


शोधार्थी

बिष्णुबहादुर भुजेल

एम.एड. दोस्रो वर्ष

रो. नं. ९२/२०६१

परीक्षा सि. नं. २१४००१२/२०६२

त्रि.वि. दर्ता नं. ९-३-२१४-६७९-२००४


प्रस्तुत :


त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ


असार, २०६८

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको यस सुकुना बहुमुखी क्याम्पसले शिक्षाशास्त्र संकायमा पूर्वाञ्चलमै एक उच्च एवम् गुणस्तरीय शिक्षा प्रदान गर्ने महत्त्वपूर्ण केन्द्रको रूपमा आपूलाई स्थापित गर्न सफल भएको छ । सुकुना बहुमुखी क्याम्पस, शिक्षाशास्त्र संकायअन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभागको एम.एड. दोस्रो बर्षको आँशिक आवश्यकताको लागि सीमित स्रोतसाधन, समय र जटिल परिस्थिति एवम् सन्दर्भ सामग्रीको सोधखोज गरी यो शोधपत्र तयार गरिएको छ । यस शोधपत्रलाई यो अवस्थासम्म ल्याउन आफ्नो अमूल्य समय प्रदान गरी आवश्यक सल्लाह, सुझाव र निर्देशन दिनु हुने शोध निर्देशक स.प्रा. तोयानाथ अधिकारीज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसै गरी यो अध्ययन कार्य गर्न अनुमति प्रदान गरी आवश्यक सहयोग पुऱ्याइदिनु हुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय प्रा.लक्ष्मी कुमार श्रेष्ठज्यूप्रति हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नु हुने प्र.अ.हरूमा दुखाराम गच्छदार, शंकर पोखरेल र मेघराज भट्टराई लगायत प्रश्नावलीमा आफ्नो विचार, सुझाव, तर्कहरू भरी सहयोग गर्नु हुने सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावकज्यूहरू धन्यवादको पात्र हुनुहुन्छ । यो अध्ययन प्रतिवेदन तयार गर्नको लागि विभिन्न अध्ययन सामग्रीहरू उपलब्ध गराई सहयोग गर्ने सुकुना बहुमुखी क्याम्पसको पुस्तकालय र जि.शि.का.मोरङका शाखा अधिकृत राजकुमार थापाप्रति आभार प्रकट गर्दछु । यस अध्ययन प्रतिवेदन तयार गर्न हरतरहले समय उपलब्ध गराई सहयोग पुऱ्याउने जीवनसंगिनी सीता भुजेल, मित्रहरू शिक्षक वेदुकुमार खतिवडा, कृष्णराज ढकाल, शंकर दाहाल तथा गोग्राहा उ.मा.वि परिवार लगायत शोधपत्रलाई पुस्तकको रूप दिन कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने विराटनगर ५ का गोविन्द अधिकारी र कल्पना अधिकारीज्यूप्रति हार्दिक धन्यवाद एवम् आभार प्रकट गर्दछु । अन्त्यमा शोधपत्र विषयको अध्ययन कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गरिदिनुहुने सम्पूर्ण शुभचिन्तक मित्रहरू र सहयोगीप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुतकर्ता
विष्णु बहादुर भुजेल
एम.एड.दोस्रो वर्ष

# शोध-सार


सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरूको शैक्षिक व्यवस्थापनबीच तुलनात्मक अध्ययन नामक प्रस्तुत शोधपत्रको  प्रमुख उद्देश्य सामुदायिक मा.वि. र संस्थागत मा.वि.को शैक्षिक व्यवस्थापनको लेखाजोखा गर्नु र व्यवस्थापनमा देखिएका समस्याहरू पहिचान गरी सुल्झाउनु रहेको छ । यो अध्ययन पूर्ण रूपमा गुणात्मक र परिमाणात्मक तथा अनुसन्धानात्मक ढाँचामा तयार पारिएको छ । मोरङ जिल्लाको विराटनगर उपमहानगरपालिका अन्तर्गतका तीन वटा सामुदायिक मा.वि. र तीन वटा संस्थागत मा.वि.हरूका प्र.अ. र शिक्षकहरूलाई उद्देश्यपूर्ण नमुना छनौट विधिका आधारमा,  विद्यार्थी र अभिभावकलाई सम्भावनायुक्त नमुना छनौटका आधारमा आधारित रही यो शोधपत्र तयार पारिएको छ ।

प्रशासक, शिक्षक, विद्यार्थी र अभिभावकहरूको मन जित्न प्रशासकले शैक्षिक व्यवस्थापनलाई कुशल र प्रभावकारी रूपमा व्यवस्थापन गर्न Dauglas M.C. Gregor को व्यवस्थापन शैलीमा X भन्दा Y सिद्धान्तलाई महत्त्व दिई अध्ययन गरिएको छ । यस अध्ययन अनुसन्धानमा अध्ययन अनुसन्धानलाई सहज र सरल किसिमले सम्पन्न गर्नका लागि प्राथमिक तथा द्वितीय स्रोतहरूमा आधारित रही तथ्याङ्क सङ्कलन गरी अध्ययन गरिएको छ भने अनुसन्धानका साधनमा प्रश्नावली, लेखरचना, अभिलेख, छलफल/कुराकानी, भेटघाट, अन्तर्वार्ताको प्रयोग गरी अध्ययन गरिएको छ । नमुना छनौटमा परेका विद्यालयहरूको तथ्याङ्क सङ्कलन प्रक्रियामा प्राथमिक तथा द्वितीय स्रोतको प्रक्रिया अपनाइएको छ । जसमा प्राथमिक स्रोतमा प्रत्यक्ष रूपमा प्र.अ./प्रिन्सिपल, शिक्षक, विद्यार्थी, अभिभावकसँग सम्पर्क गरी प्रश्नावली र अन्तर्वार्ताको माध्यमद्वारा अध्ययन गरिएको छ भने द्वितीय स्रोतको हकमा विद्यालयमा रहेका अभिलेखलाई अनुसरण गरिएको छ ।

खास गरिकन नमुना छनौटमा परेका दुबै किसिमका विद्यालयहरूको शैक्षिक व्यवस्थापन अन्तर्गत भौतिक व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, परीक्षा व्यवस्थापन र पुस्तकालयको व्यवस्थापन पक्षलाई प्रमुख रूपमा अध्ययन गरिएको छ । नमुना छनौटमा परेका क्रमश: ३ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा तालिम प्राप्त प्र.अ. र शिक्षकहरू रहेको पाइयो, विद्यालय सुधार योजना निर्माण, भौतिक अवस्था व्यवस्थित रहेको, वार्षिक अभिभावक भेला हुने गरेको, सरकारको १०० प्रतिशत लगानी, विषयगत शिक्षकको नियुक्तिको व्यवस्था हुँदाहुँदै पनि शैक्षिक क्षेत्रमा खासै प्रतिफल दिन सकिरहेको भने छैन । तर संस्थागत मा.वि.हरूमा भने शैक्षिक क्षेत्रमा भौतिक पक्षदेखि लिएर सम्पूर्ण शैक्षिक कार्यक्रमलाई

सरकारी सहयोग बिना नै आफ्नै स्रोत र साधनबाट विद्यालय सञ्चालन गरिएको, चर्को शुल्क तिरेर पनि अभिभावक सन्तुष्ट रहेको, सामुदायिक मा.वि.मा निशुल्क शिक्षा हुँदाहुँदै पनि असन्तुष्टि हुने मुख्य कारण शैक्षिक उपलब्धि नै हो । अभिभावकहरू खर्च गरेर भएपनि गुणस्तरीय शिक्षा आफ्ना बालबालिकाले प्राप्त गरून् भन्ने धारणा देखिन्छ । शैक्षिक व्यवस्थापन पक्ष कमजोरका कारण सा.मा.वि.ले गुणस्तरीय शिक्षा दिन नसकेको र शिक्षाप्रति अभिभावकहरूको पूर्ण सकारात्मक धारणा बन्न नसकेको यस अध्ययनले देखाएको छ ।

संस्थागत विद्यालयका सकारात्मक पक्षहरूमा जस्तै : विद्यार्थीको नियमितता, गृहकार्यको व्यवस्था, प्र.अ.बाट नियमित कक्षा अवलोकन, परीक्षा व्यवस्थापन, अभिभावकसँगको सम्पर्क, अतिरिक्त क्रियाकलाप सञ्चालन आदिलाई सामुदायिक विद्यालयले पनि अनुसरण गर्नुपर्ने र दुबै किसिमका विद्यालयहरूमा सम्बन्धित निकायबाट निरीक्षण एवम् अनुगमनको व्यवस्था हुनुपर्ने कुरालाई अध्ययनबाट सुझावको रूपमा राखिएको छ भने संस्थागत माध्यमिक विद्यालयका प्र.अ.हरूलाई प्र.अ. व्यवस्थापन तालिम र शिक्षकहरूलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने कुरा यस अध्ययनले देखाएको छ ।

सामुदायिक माध्यमिक विद्यालयमा शैक्षिक व्यवस्थापनको वृद्धि र विकासका लागि सिर्जनात्मक कार्यहरू, अतिरिक्त क्रियाकलाप, वार्षिक शैक्षणिक योजना, अभिभावक भेला, विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन, प्र.अ. तथा शिक्षकलाई शैक्षिक व्यवस्थापन तालिम, सेमिनार गोष्ठी सञ्चालन, शैक्षिक सामग्री र पुस्तकालयको उचित व्यवस्थापन तथा संस्थागत विद्यालयमा सरकारी तवरबाट प्र.अ. व्यवस्थापन तालिम, तालिम प्राप्त शिक्षकद्वारा कक्षा शिक्षण गरिनु पर्ने कुरालाई यस शोधपत्रमा सुझावको रूपमा राखिएको छ । साथै दुबै किसिमका विद्यालयहरूमा सम्बन्धित निकायबाट निरीक्षण एवम् अनुगमनको व्यवस्था जस्ता कुराहरू पनि सुझावको रूपमा राखिएको छ । त्यसैगरी संस्थागत विद्यालयका सकारात्मक पक्षहरूमा जस्तै: विद्यार्थीको नियमितता, गृहकार्यको व्यवस्था, प्र.अ.बाट नियमित कक्षा अवलोकन, परीक्षा व्यवस्थापन, अभिभावकसँगको सम्पर्क, अतिरिक्त क्रियाकलाप सञ्चालन आदिलाई सामुदायिक विद्यालयले पनि अनुसरण गर्नुपर्ने कुरा यस अध्ययनले देखाएको छ ।

# विषय सूची


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता

शोधसार

विषय सूची

तालिका सूची

प्रयोग भएका शब्दावलीहरु


## परिच्छेद एक : परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठमूभि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनका उद्देश्यहरू | ७ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ७ |
| १.६ अध्ययनको परिसीमा | ७ |


## परिच्छेद : दुई
## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ सैद्धान्तिक खाका | १३ |
| २.३ शैक्षिक उपादेयता | १३ |

## परिच्छेद तीन : अध्ययन विधि


३.१ अनुसन्धान ढाँचा १५

३.२ जनसङ्ख्या १५

३.३ नमुनाको आकार १५

३.४ नमुना छनोट विधि १५

३.५ नमुना छनोटको आधार १६

३.६ अनुसन्धानका साधन १६

३.७ तथ्याङ्कका स्रोतहरू १७

३.८ तथ्याङ्क सङ्कलन प्रक्रिया १७

३.९ तथ्याङ्कको विश्लेषण प्रक्रिया १७


## परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण


४.१ सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन १९

४.२ भौतिक व्यवस्थापन पक्ष २४

४.३ पुस्तकालय व्यस्थापनमा प्र.अ./प्रिन्सिपलबाट प्राप्त प्रतिक्रिया २६

४.४ शैक्षिक व्यवस्थापनसँग सम्बन्धि अभिभावकहरुलाई सोधिएका प्रश्नावलीको विश्लेषण र व्याख्या ३८

४.५ शैक्षिक व्यवस्थापन सम्बन्धमा विद्यार्थीबाट प्राप्त प्रतिक्रिया ४६

४.६ सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनबीच तुलनात्मक अध्ययन ४७

४.७ सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरु ४८

४.८ विद्यालयहरुमा अभिभावकहरुको सहभागितामा वृद्धिसम्बन्धी प्र.अ.हरुबाट प्राप्त सुझावहरु ४९

४.९ अभिलेख विश्लेषण ५०

४.१० सैद्धान्तिक ढाँचाको आधारमा विश्लेषण ५३

## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ मुख्य प्राप्ति ५४
५.२ निष्कर्ष ५७
५.३.सुभावहरू ६०
सन्दर्भ ग्रन्थ
संक्षिप्त शव्दावलीहरु
अनुसूचि

# तालिका सूची


तालिका नं. १ : शैक्षणिक योजनाका सम्बन्धमा प्र.अ. प्रिन्सिपलको धारणा १९

तालिका नं. २ : शिक्षक विद्यार्थी अनुपातमा प्र.अ./प्रिन्सिपलको धारणा २०

तालिका नं. ३ : प्रति शिक्षक दैनिक कक्षाभार सम्बन्धमा प्र.अ./प्रिन्सिपलको धारणा २१

तालिका नं. ४ : कक्षा अवलोकन गर्ने पटकमा प्र.अ./प्रिन्सिपलको धारणा २२

तालिका नं. ५ : कक्षा शिक्षण व्यवस्थापनमा प्र.अ./प्रिन्सिपलको धारणा २३

तालिका नं. ६ : भौतिक एवम् शैक्षिक सामग्रीको अवस्थाका सम्बन्धमा प्र.अ./प्रिन्सिपलको धारणा २४

तालिका नं. ७ : परीक्षा व्यवस्थापनका सम्बन्धमा प्र.अ. /प्रिन्सिपलको धारणा २५

तालिका नं. ८ : विद्यालयका प्र.अ./प्रिन्सिपलसँग शिक्षकहरूको सम्बन्ध २७

तालिका नं. ९ : विद्यालयका प्र.अ./प्रिन्सिपलको प्रशासनिक शैली २८

तालिका नं. १० : प्र.अ./प्रिन्सिपलको नियुक्ति प्रक्रिया २९

तालिका नं. ११ : शिक्षण विधिको प्रयोगका सम्बन्धमा शिक्षकहरूको धारणा (सा.मा.वि.) ३०

तालिका नं. १२ : शिक्षण विधिको प्रयोगका सम्बन्धमा शिक्षकहरूको धारणा (सं.मा.वि.) ३१

तालिका नं. १३ : शिक्षण विधिमा प्र.अ.को सहयोगसम्वन्धी शिक्षकको धारणा ३२

तालिका नं. १४ : शैक्षिक सामग्रीको व्यवस्थापनमा प्र.अ./प्रिन्सिपलको भूमिका सम्बन्धमा शिक्षकको धारणा ३३

तालिका नं. १५ : कक्षाकोठामा शै.सा.को प्रयोग सम्बन्धमा शिक्षकको धारणा ३४

तालिका नं. १६ : पुस्तकालयसम्बन्धी शिक्षकहरूको धारणा ३५

तालिका नं. १७ : पुस्तकालय व्यवस्थापनमा प्र.अ./प्रिन्सिपलको भूमिकासम्बन्धी शिक्षकको धारणा ३६

तालिका नं. १८ : परीक्षा व्यवस्थापनमा शिक्षकहरूको प्रतिक्रिया ३७

तालिका नं. १९ : विद्यालयले अवलम्वन गरेको मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा शिक्षकहरूको धारणा ३७

तालिका नं. २० : प्र.अ./प्रिन्सिपलले अभिभावकप्रति गरेको व्यवहारका सम्बन्धमा अभिभावहरूको धारणा ३९

तालिका नं. २१ : विद्यालयमा आफ्ना छोराछोरीहरुको उपस्थितिसम्वन्धी अभिभावकको धारणा ४०

तालिका नं. २२ : शैक्षिक स्तरको जानकारी लिन विद्यालय जाने गरेको सम्बन्धमा अभिभावकहरुको प्रतिक्रिया ४१
तालिका नं. २३ : सम्पर्क र विचार विमर्षका सम्बन्धमा अभिभावकहरुको धारणा ४२
तालिका नं. २४ : शैक्षिक वातावरणबाट सन्तुष्टि सम्बन्धमा अभिभावकहरुको धारणा ४३
तालिका नं. २५ : शैक्षिक स्तर खस्किनुका सम्बन्धमा अभिभावकहरूको धारणा ४४
तालिका नं. २६ : भौतिक र शैक्षिक सामग्रीहरूको व्यवस्थापनमा अभिभावकहरूले गरेको सहयोगको धारणा ४५
तालिका नं. २७ : विद्यालयको अभिलेखबाट प्राप्त भौतिक र शै.सा. विवरणको विश्लेषण सामुदायिक मा.वि. तर्फ ५०
तालिका नं. २८ : विद्यालयको अभिलेखबाट प्राप्त भौतिक र शै.सा. विवरणको विश्लेषण संस्थागत मा.वि. तर्फ ५१
तालिका नं. २९ : कार्यरत शिक्षकहरूको विवरण ५२
तालिका नं. ३० : कार्यरत कर्मचारीहरूको विवरण ५३

# संक्षिप्त शब्दावलीहरू

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| सा.मा.वि. | सामुदायिक माध्यमिक विद्यालय |
| सं.मा.वि./नीजि | संस्थागत माध्यमिक विद्यालय |
| वि.ब्य.स. | विद्यालय व्यवस्थापन समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यलय |
| SIP | School Improvement Plan |
| उम.न.पा. | उपमहानगरपालिका |
| पा.पु. | पाठ्यपुस्तक |
| शै.सा. | शैक्षिक सामग्री |
| ता.प्रा | तालिम प्राप्त |
| पा.भा. | पाठ्यभार |
| PTA | Parent Teacher's Association |